प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/२४
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ३९६, मकवानपुरमा ५१, भक्तपुरमा ४१, काभ्रेपलान्चोकमा ३५, ललितपुरमा ३४, चितवनमा २१, धादिङमा ५, रामेछापमा ३, सिन्धुपाल्चोकमा ३, दोलखामा २ र नुवाकोटमा १ गरी जम्मा ५१५ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ ।

- काठमाण्डौ-४, विशालनगर निवासी ६७ वर्षिय पुरुषको मिति २०७७ भाद्र २३ गते बेलुका ५:०० बजे अल्का अस्पताल, ललितपुरमा निधन भएको छ । ज्वरो, खोकी तथा श्वास प्रश्वासमा समस्या भई भाद्र २३ गते विहान ३:०० बजे अस्पताल भर्ना भएका उहाँको सोही दिन नै कोरोना पुष्टी भएको थियो । उहाँ उच्च रक्तचाप तथा मधुमेहका समेत विरामी हुनुहुन्थ्यो । त्यस्तै किर्तिपुर-३, काठमाण्डौ निवासी ८३ वर्षिया महिलाको मिति २०७७ भाद्र २४ गते विहान ९:४५ बजे मेघा अस्पताल, ललितपुरमा निधन भएको छ । श्वास प्रश्वासमा समस्या भई भाद्र २० गते अस्पताल भर्ना हुनुभएको र उहाँ को भाद्र १८ गते कोरोना पुष्टी भएको थियो । उहाँ उच्च रक्तचाप तथा मधुमेहको विरामी समेत हुनुहुन्थ्यो। उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको २५ प्रतिशत (२५.४३%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ४९२१९ (१००%) | १२५१५ (१००%) |
| निको भएको | ३३८८२ (६८.९%) | ५०९७ (४०.७%)* |
| उपचाररत | १५०२५ (३०.५%) | ७३२८ (५८.६%)* |
| मृत्यु भएको | ३१२ (०.६%) | ९० (०.८%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२४ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२४ |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९४८७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ५३६ जना बस्दै आउनुभएको र १२८० जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ । यस प्रदेशमा ३१३९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३४३२ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४२५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ७३५१४ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | ३९६ | ७६१७ |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३५७ | ३४ | १०१३ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३२१ | १२८ | ६६१६ | ४१ | ८२३ |
| रसुवा | २५५ | १६ | ११ | ३५ | १ | ८१८ | | २० |
| नुवाकोट | ९५३ | ६९ | ४ | ४० | ३० | ३८४३ | १ | १०८ |
| धादिङ | ३१५ | ७ | २३ | ९२ | ३८ | २७९४ | ५ | २८८ |
| चितवन | २४६५ | ६१ | ५०६ | ३५५ | ६०४ | १५२६४ | २१ | ११०२ |
| सिन्धुली | ३९२ | १४ | ६ | ४३ | १० | २५६१ | | ९६ |
| मकवानपुर | ४०७ | २१ | ४ | २१७ | ९१ | ६९३७ | ५१ | ८०४ |
| रामेछाप | ४९० | ६५ | ० | ९८ | ९ | ४९९ | ३ | १०४ |
| दोलखा | ९८६ | ४७ | ४ | २७ | १२ | १९६९ | २ | ९० |
| काभ्रेपलान्चोक | ९०९ | ५७ | १०९ | २१९ | १२३ | २९५७ | ३५ | ३२७ |
| सिन्धुपाल्चोक | ७८९ | २९ | १०१ | ५६ | ४ | ३४३३ | ३ | १२३ |
| जम्मा | ९४८७ | ५३६ | १२८० | ३१३९ | ३४३२ | ७६५१४ | ५९२ | १२५१५ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको


## ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रदेश प्रयोगशाला | २१७४१ | २०६ | १३४ | १०० जनाः मकवानपुर-४८, रौतहट-३२, बारा-१, फलोअप-१९ | १५० | |
| धुलिखेल स्थित प्रदेश प्रयोगशाला | ३३६४ | १८२ | ३०७ | ५० जनाः काभ्रेपलान्चोक-३४, भक्तपुर-६, धादिङ-३, काठमाण्डौ-२, फलोअप-५ | २५७ | |

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२३

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२३

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p3.gov.np/
**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/
**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/
**-कोभिड १९ संकट व्यवस्थापन केन्द्रः** ccmc.gov.np
**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-19-situation-updates
**-विश्व स्वास्थ्य संगठन/नेपालः** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई